लुम्बिनी प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

# डिभिजन वन कार्यालय, नवलपरासी (ब.सु.प.)

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम विक्रि सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८२।२।५**

निमित डिभिजनल वन अधिकृत

श्री डिभिजन वन कार्यालय नवलपरासी (ब.सु.प.) अन्तरगत श्री सुनवल सब डिभिजन वन कार्यालयको कार्यालय परिसरमा रहेका जोखिमयुक्त रुखहरु तथा राष्ट्रिय वन क्षेत्रमा रहेका ढलापडा रुखरु कटान मुछान गरी उत्पादन भई सुनवल सब डिभिजन वन कार्यालय परिसरमा घाटगद्दी भएको विभिन्न लटमा विभाजित निम्न परिमाणको गोलिया काठ दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ, संस्था फर्म वा कम्पनिले यो सूचना **मेचीकाली राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र** यस कार्यालय तथा **वन निर्देशनालय, रुपन्देहीबाट बोलपत्र खरिद गरी २२औं दिन दिनको ४:०० बजे सम्मको समयमा** प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

१) वन पैदावारको विवरण :

| वन पैदावारको विवरण | | | | | मुल्याङ्कन (रु) | | घाट |
|---|---|---|---|---|---|---|---|
| लट नं. | जात | ग्रेड | थान | परिमाण ( क्यू.फि./चट्टा) | न्यूनतम | संकलन खर्च | |
| १८ | असना | ए | २१ | ७११.९० | २८४७६० | प्रति क्यु.फि रु १४५.१ | घाट नं. १-६ सुनवल स.डि.व.का. अन्तर्गतका जोखिमयुक्त रुखहरुवाट उत्पादित |
| | असना | बि | ९ | ७९.६२ | २३८८६ | | |
| | असना | सि | २३ | ८३.३१ | ८३३१ | | |
| | सिसौ | बि | ७ | १५.५५ | ७७७५ | | |
| | साल | ए | ४ | ५०.८६ | ६३५७५ | | |
| | साल | बी | १ | १०.०५ | ९०४५ | | |
| | साल | सि | १३ | ५६.७९ | ३४०७४ | | |
| | साल | डि | २ | ३.२९ | ९८७ | | |
| | असना | दाउरा | चट्टा | १.२५ | ५००० | | |
| | | | ८० | १०११.३७ | ४३२४३३ | | |
| १९ | असना | ए | ११ | ३८०.०९ | १५२०३६ | प्रति क्यु.फि रु १४५.१ | घाट नं. १-९ सुनवल स.डि.व.का. अन्तर्गत रा.व.को ढलापडा रुखहरुवाट उत्पादित |
| | असना | बि | ३ | ४१.६६ | १२४९८ | | |
| | असना | सि | ६ | २६.६४ | २६६४ | | |
| | सिसौ | ए | १५ | ९७.११ | ६७९७७ | | |
| | सिसौ | बि | ५२२ | ११५१.९३ | ५७५९६५ | | |
| | साल | ए | २ | ३०.१८ | ३७७२५ | | |
| | साल | बी | २ | १४.७० | १३२३० | | |
| | साल | सि | २ | ११.१८ | ६७०८ | | |
| | असना | दाउरा | चट्टा | १.०० | ४००० | | |
| | सिसौ | दाउरा | चट्टा | १.२५ | १५००० | | |
| | | | ५६३ | १७५३.४९ | ८८७८०३ | | |

"समृद्ध लुम्बिनी, आत्म निर्भर प्रदेश"
email : parasidfo@gmail.com

लुम्बिनी प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

# डिभिजन वन कार्यालय, नवलपरासी (व.सु.प.)

निमित्त डिभिजनल वन अधिकृत

२) बोलपत्र खरिद दाखिला गर्नुपर्ने अन्तिम मिति र समय :

खरिद गर्ने : क) अन्तिम मिति : २०८२।०२।२५ (ख) समय : दिउसो ४ बजे सम्म

दाखिला गर्ने : क) अन्तिम मिति : २०८२।०२।२६ (ख) समय : दिउसो ४ बजे सम्म

३) बोलपत्र डिभिजन वन कार्यालय, नवलपरासी र वन निर्देशनालय, बुटवलबाट खरिद र दाखिला गर्न सकिनेछ।

४) बोलपत्रसाथ कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम को.ले.नि.का., नवलपरासीको नाममा राष्ट्रिय वाणिज्य बैंक परासीमा रहेको धरौटी खाता नं. ३१००१००२०२०३०००० मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ।

५) बैङ्क जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ६ महिना सम्मको लागि हुनु पर्नेछ।

६) बोलपत्र फारम प्रति लटको रु. १०००।- (एक हजार मात्र) पछि फिर्ता नहुने गरी यस कार्यालयको बैंक खातामा जम्मा गरी खरिद गर्नु पर्नेछ।

७) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस तोकिएको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ।

८) लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मको प्रोपराईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ,फर्म वा कम्पनि दर्ता प्रमाण पत्रको प्रतिलीपि ,कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र मुल्य अभिबृद्धी कर दर्ता प्रमाण पत्रको प्रतिलीपि वा स्थाई लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलीपि र संघीय वन नियमावली २०७९ को नियम १२८ बमोजिम सम्बन्धित डिभिजन वन कार्यालयमा सुची दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

९) निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरू मिति २०८२।०२।२७ मा दिनको १:०० बजे साक्षीहरूको रोहवरमा खोलिने छ।

१०) लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दस) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, सङ्कलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

११) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नुपर्नेछ। अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ।

१२) बोलपत्रमा केरमेट भएमा, हस्ताक्षर नभएमा, छाप नभएमा, सकार रकमको अंक र अक्षर नमिलेमा, लट अनुसार परिमाण नमिलेमा बोलपत्र मान्य हुने छैन।

१३) बोलपत्र खरिद वा दाखिला गर्ने अन्तिम दिनमा सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन बोलपत्र खरिद वा दाखिला गर्न सकिनेछ।

"समृद्ध लुम्बिनी, आत्म निर्भर प्रदेश"

email : parasidfo@gmail.com